# <u>मधेश प्रदेशका केही ऐनलाई संशोधन गर्ने सम्बन्धमा  व्यवस्था गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u>: प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट पारित भई प्रदेशको नामाकरण मधेश प्रदेश कायम भएकोहुनाले प्रदेश ऐनमा संशोधन गर्न वाञ्छनीय भएकोले,

मधेश प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१<u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१)यस ऐनको नाम "मधेश प्रदेशका केही ऐनलाई संशोधन गर्ने सम्बन्धमा बनेको ऐन २०८०"रहेको छ।

(२)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.<u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले प्रदेश सभाले मधेश प्रदेश नामाकरण गर्नु भन्दा अघि सभाले बनाएको सम्पूर्ण ऐन सम्झनु पर्छ।

(ख)"सभा" भन्नाले मधेश प्रदेश सभा सम्झनु पर्छ।

३. <u>प्रचलित मधेश प्रदेशको कानूनमा संशोधन:</u>मधेश प्रदेशको प्रचलित ऐनमा ठाँउ ठाँउमा रहेको "प्रदेश नं.२" भन्ने शब्दावलीको  सट्टा "मधेश प्रदेश"भन्ने शब्दवाली कायम गरिएको छ।